नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
सुदूरपश्चिम प्रदेश

फोन नं. :- ०९१-५२४२७३
फ्याक्स नं. :- ०९१-५२४६५
इमेल:-ophsudurpaschim@gmail.com
वेवसाइटhttp://oph.sudurpashchim.gov.np/

धनगढी, कैलाली

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री खगराज भट्टज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रिपरिषद् देहाय अनुसार गठन तथा कार्य विभाजन गर्नु भएको छ।

देहायः-

| क्र.सं. | नाम, थर | पद | कार्य विभाजन |
|---|---|---|---|
| १. | श्री खगराज भट्ट | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २. | श्री सन्तोष शर्मा थापा | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ३. | श्री चक्र बहादुर मल्ल | मन्त्री | आर्थिक मामिला मन्त्रालय |
| ४. | श्री दमन बहादुर भण्डारी | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ५. | श्री जानकी ऐर बम | राज्यमन्त्री | आर्थिक मामिला मन्त्रालय |

साथै, आजै प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा आयोजित विशेष समारोहमा माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष नवनियुक्त माननीय मुख्यमन्त्री श्री खगराज भट्टज्यूले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ। सोही अवसरमा माननीय प्रदेश प्रमुखज्यू समक्ष नवनियुक्त माननीय मन्त्रीज्यूहरुले नेपालको संविधानको धारा १७२ बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ।

यसैगरी, सोही समारोहमा माननीय मुख्यमन्त्री श्री खगराज भट्टज्यू समक्ष नवनियुक्त माननीय राज्यमन्त्रीज्यूले नेपालको संविधानको धारा १७२ बमोजिम राज्यमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ।

२०८३ साल साउन २९ गते, शुक्रबार।

(दीर्घ राज भट्ट)
सूचना अधिकारी